# हजुरआमाको कथा



नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# हजुरआमाको कथा



यो सन्दर्भ सामग्री
पुस्तकालय प्रयोजनका लागि हो ।
बिक्री गर्न पाइने छैन ।

लेखक
शाश्वत पराजुली

चित्राङ्कन
बन्दना तुलाचन

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७६

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ। यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन्।

# हाम्रो भनाइ

बालबालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइसम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बालबालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्यपुस्तकमा भएका विषयवस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा रुम टु रिडले तयार गरेको यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो। प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बालबालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ। अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७६ | पाठ्यक्रम विकास केन्द्र

सुत्नुअगाडि म हजुरआमाको कथा सुन्छु ।




उहाँले सुनाउने कथा रमाइला हुन्छन् ।



कहिले उहाँ सुनकेशरी मैयाँको कथा सुनाउनुहुन्छ।

कहिले उहाँ परीका मिठा मिठा कथा सुनाउनुहुन्छ।






कहिले उहाँ उड्ने घोडाको कथा सुनाउनुहुन्छ ।

कहिले डरलाग्दा राक्षसको कथा पनि सुनाउनुहुन्छ ।

उहाँको कथा नसुनी म निदाउनै सक्दिनँ भन्या ।
तर आज हुनसम्म नरमाइलो भयो नि !
हजुरआमाले कथै सुनाउनुभएन ।





त्यति मात्र हो र ! हजुरआमा मसँग बोल्नु पनि भएन ।



म उहाँको कोठामा गएँ ।



उहाँको गाला समाउँदै भनेँ, "हजुरआमा, आज कथा नभन्ने ?"

अहँ, हजुरआमा पटक्कै बोल्नुभएन ।

"भैगो हजुरआमा, बरु आज कथा नभन्नुस् । मसँग बोल्न त बोल्नुस् ।"



त्यही बेला बा आउनुभयो। म सतर्क भएँ। केही बेर कोठामा सुनसान छायो। बाले बिस्तारै भन्नुभयो, “आज हजुरआमा बोल्नुहुन्न।”



किन ?

उहाँ हामीसँग रिसाउनुभएको पो हो कि ?



बा मुसुक्क हाँस्नुभयो ।



बाले मेरो कपाल मुसार्दै भन्नुभयो, "उहाँको दाँत निकालिएको छ।"



"तर मेरो दाँत फुक्लिँदा म त सबैसँग बोलेकै थिएँ।" मैले हतार हतार भनेँ।



मेरो कुरा सुनेर बा हाँस्नुभयो । हजुरआमा पनि हाँस्नुभयो ।



हजुरआमा हाँस्दा उहाँको खुलेका मुखमा हेरेँ । हजुरआमा त थोती हुनभएछ ।

अब चाहिँ हाँस्ने पालो मेरो !

